प्रदेश सरकार
लुम्बिनी प्रदेश
आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय
मुकामः बुटवल, नेपाल

०७१-५४२३४३ प्रशासन
०७१-५४९००२ कानून
०७१-५४७७२० शान्ति सुरक्षा
०७१-५४९६६२ सूचना केन्द्र
०७१-५५०६२७
१६६०७१५२०२० टोल फ्री
०७१-५५०६११ फ्याक्स

पत्र संख्या: ०७९/८०
चलानी नं.:

## प्रदेश पदकका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

प्रकाशित मिति: २०७९/०५/१०

प्रस्तुत विषयमा समाजका विभिन्न क्षेत्रमा गरेको विशिष्ट योगदान पुऱ्याउनुभएका महनुभावहरुलाई प्रदेश पदक ऐन, २०७६ को दफा ८ बमोजिमका पदकहरु प्रदान गर्ने प्रयोजनका लागि प्रदेश/राष्ट्रको गरिमा अभिवृद्धिमा आफूले गरेको विशिष्ट योगदान संलग्न बमोजिमको ढाँचामा उल्लेख गरी मिति २०७९/०५/२१ गतेभित्र यस मन्त्रालयमा वा मन्त्रायको इमेल ठेगाना: internalaffairsp5@gmail.com मा पठाउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### पदकको प्रकार

| सि.नं. | पदक | विवरण |
|---|---|---|
| क | बुद्धशान्ति पदक | शान्ति स्थापना कार्यमा विशेष योगदान पुऱ्याएका व्यक्तिलाई प्रदान गरिने । |
| ख | प्रदेश प्रमुख जनसेवा पदक | संघीयता र गणतन्त्रको सुदृढीकरणका लागि तथा अन्य क्षेत्रमा उत्कृष्ट र उल्लेखनीय कार्य गरी जनस्तरमा लोकप्रिय रहेका जनप्रतिनिधि, समाज सेवी वा प्रदेश सरकारबाट नियुक्त भएका व्यक्तिलाई प्रदान गरिने । |
| ग | मुख्यमन्त्री प्रज्ज्वल दीप पदक | प्रदेशको समृद्धि तथा प्रतिष्ठा अभिवृद्धिका लागि विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिलाई प्रदान गरिने । |
| घ | प्रदेश सेवा समर्पण पदक | ईमान्दारीपूर्वक, उत्कृष्ट एवम् प्रशंसनीय कार्य गर्ने प्रदेश सरकार अन्तर्गतका कर्तव्यनिष्ठ कर्मचारीलाई प्रदान गरिने । |
| ङ | उजिरसिंह दिपक पदक | देशको सुरक्षा तथा विपद्मा उद्दारको क्रममा अभूतपूर्व क्षमता प्रदर्शन गरी बीरता र साहसपूर्ण कार्य गर्ने व्यक्तिलाई प्रदान गरिने । |
| च | समाज सेवा श्री पदक | समाज सेवा, स्वास्थ्य, वातावरण, दीगो विकास, मानव अधिकार र समाज सुधारका क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्तिलाई प्रदान गर्ने । |
| छ | प्रदेश रत्न पदक | कृषि, श्रम, रोजगारी, भाषा, साहित्य, कला, संगीत, शिक्षा, खेलकुद र सूचना तथा सञ्चार विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुकरणीय कार्य गरेका व्यक्तिलाई प्रदान गरिने । |
| ज | पुथाश्री शिखर पदक | प्रदेश भित्र पर्यटन क्षेत्रको विकासमा उल्लेखनीय योगदान गरेका व्यक्तिलाई प्रदान गरिने । |
| झ | प्रदेश प्रज्ञा पदक | शैक्षिक क्षेत्रमा सर्वोत्कृष्ट योगदान पुऱ्याएका विधालय, विश्वविद्यालय तथा तिनका शिक्षक एवम् पदाधिकारीलाई प्रदान गरिने । |
| ञ | प्रजापति गौतमी पदक | महिला सशक्तीकरण र बालबालिकाको हक, हित र संरक्षणको क्षेत्रमा महत्वपूर्ण योगदान गरेका व्यक्तिलाई प्रदान गरिने । |
| ट | दङ्गीशरण बलिहाङ्ग पदक | सामाजिक सद्भाव, सामाजिक सुधार र समानताका पक्षमा काम गरेका अभियन्ता तथा साँस्कृतिक पहिचानको संरक्षण तथा प्रवर्द्धनका क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्तिलाई प्रदान गरिने । |

प्रदेश सरकार

लुम्बिनी प्रदेश

**आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय**

मुकाम: बुटवल, नेपाल

०७१-५४२३४३ प्रशासन
०७१-५४९००२ कानून
०७१-५४७७२० शान्ति सुरक्षा
०७१-५४९६६२ सूचना केन्द्र
०७१-५५०६२७
१६६०७१५२०२० टोल फ्री
०७१-५५०६११ फ्याक्स


पत्र संख्या: ०७९/८०

चलानी नं.:

## प्रदेश पदकका लागि आवेदन पेश गर्ने फाराम

फोटो

**व्यक्तिगत विवरण:**

| | |
|---|---|
| नाम थर: | |
| ना.प्र.नं./जिल्ला | |
| ठेगाना: | |
| हालको उमेर: | |
| शैक्षिक योग्यता: | |
| नागरिकता नं. र जारी जिल्ला: | |
| सम्पर्क नं.: | |
| संस्था (कार्यरत भएमा): | |
| हालसम्म गरेका विशेष योगदान/कार्यहरुको विवरण: | १. |
| | २. |
| | ३. |
| | ४. |
| | ५. |
| | ६. |
| | ७. |
| | ८. |

**संलग्न गर्नुपर्ने कागजपत्रहरु:**

(क) नागरिकता प्रमाणपत्रको प्रतिलिपी

(ख) कर्मचारी परिचयपत्रको प्रतिलिपी (कर्मचारीको हकमा)

नाम:

दस्तखत: